# ढुङ्गाना प्रतिष्ठान, नेपालको विधान, २०५५

**प्रस्तावना** : वंश-परम्पराको निरन्तरता, पूर्खाको यश, सत्कार्यलाई अक्षुण्ण राख्दै स्वदेश तथा विदेशमा रहे, बसेका ढुङ्गाना वंशका सन्ततिले हकको सदुपयोग गर्दै वंश, परम्परा र इतिहासको खोजी गर्न, सम्मानित व्यक्तित्वहरूको कदर गर्न, वंशावली संकलन गरी सम्पादन, प्रकाशन, परिमार्जन प्रक्रियालाई भरपर्दो पारी निरन्तरता दिन, समयसापेक्ष विकासका क्रियाकलापहरू सञ्चालन गरी सामाजिक सेवाका माध्यमले ...........✂ नेपालको सन्तुलित विकासमा थप योगदान समेत पुऱ्याउन “ढुङ्गाना प्रतिष्ठान, नेपाल,✂✂” नामक सामाजिक संस्थाको विधान तर्जुमा गरिएको छ ।

## भाग–१

## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस संस्थाको नामः “ढुङ्गाना प्रतिष्ठान♦, नेपाल✂✂” रहनेछ ।

(क) अंग्रेजीमा यस संस्थालाई "Dhungana Foundation♦, Nepal,✂✂" भनिने छ ।

(ख) यस संस्थालाई छोटकरीमा नेपालीमा “ढुङ्गाना प्रतिष्ठान♦” र अंग्रेजीमा "Dhungana Foundation♦, Nepal, ✂✂" भनिनेछ ।

१.२ यो विधान स्थानीय अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।♦

### २. संस्थाको कार्यालय

(क) संस्थाको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ ।♦

---

✂पहिलो संशोधन, २०७१ द्वारा भिकिएको ।

✂✂ तेस्रो संशोधन, २०७६ द्वारा भिकिएको ।

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

(ख) आवश्यकता अनुसार स्थानीय अधिकारीको स्वीकृतिमा अरु जिल्लाहरूमा कार्यालयहरू स्थापना गर्न सकिनेछ ।

३. **संस्थाको संकेत र छाप** : संस्थाको सङ्केत र छाप अनुसूची (क) मा उल्लेख भए अनुसार हुनेछ ।

४. **संस्था संगठित संस्था हुने**: संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ । यसले व्यक्ति सरह सम्पत्ति खरीद, ग्रहण, बेचबिखन गर्न र व्यक्ति सरह कानूनी हकको प्रयोग गर्न सक्नेछ ।

५. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

(क) "विधान" भन्नाले "ढुङ्गाना प्रतिष्ठान, नेपाल ...✂✂" को विधान संझनु पर्दछ ।♦

(ख) "संस्था" भन्नाले "ढुङ्गाना प्रतिष्ठान, नेपाल संझनु पर्दछ ।♦

(ग) "सदस्य" भन्नाले यस विधानको दफा ७ अनुसारका सदस्य संझनु पर्दछ ।

(घ) "पदाधिकारी" भन्नाले यस विधान बमोजिम अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषाध्यक्ष, सह–कोषाध्यक्ष, सदस्य र मातहतका समितिका पदाधिकारीहरू सम्झनु पर्दछ ।♦♦♦

(ङ) "संस्थापक सदस्य" भन्नाले संस्था दर्तासम्मका अवधिका बैठकमा उपस्थित भएका र संस्था दर्ता गर्दाका बखतका पदाधिकारी संझनु पर्दछ ।

---

✂✂ तेस्रो संशोधन, २०७६ द्वारा झिकिएको ।

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

♦♦♦ तेस्रो संशोधन, २०७६ द्वारा संशोधित ।

(च) "स्थानीय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारी संझनु पर्दछ ।

(छ) ........................................................

(ज) "प्रदेश"भन्नाले नेपालको संविधानमा उल्लेख भए बमोजिमको सात प्रदेश सम्झनु पर्छ ।[+++]

(झ) "जिल्ला समन्वय स्तर" भन्नाले नेपालको संविधानमा उल्लेख भए बमोजिमको जिल्ला समन्वय स्तर सम्झनुपर्छ ।[+++]

(ञ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ ।[+++]

## भाग -२

## उद्देश्य

६. **संस्थाको उद्देश्य :** प्रचलित कानूनको अधीनमा रही सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सिधा सम्पर्क र समन्वय राखी काम गर्ने गरी गठित गैर-नाफामूलक प्रकृतिको[++] यस संस्थाका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

(क) उपलब्ध स्रोत र साधनको परिधिमा रही जन भलाईका खातिर गरिबी-निवारण, महिला सशक्तीकरण, वातावरण संरक्षण लगायतका सामुदायिक कार्यहरू गर्दै जाने ।

(ख) ढुङ्गाना वंशावली सङ्कलन, सम्पादन, प्रकाशन र निरन्तर रूपमा अद्यावधिक गर्दै जाने ।

(ग) ढुङ्गानाहरूले हासिल गरेको ज्ञान, सीप, अनुभव, बौद्धिकता

[+++] **तेस्रो संशोधन, २०७६ द्वारा थप ।**

[++] **दोस्रो संशोधन, २०७२ द्वारा थप ।**

लगायतका स्रोत र साधनहरूको अत्यधिक सदुपयोग गर्दै जाने ।

(घ) संस्थालाई प्रभावकारी, उद्देश्यमूलक कार्यमूलक तथा समय सापेक्ष बनाउँदै विकासको भूमिका निर्वाह गर्न गराउन सक्षम तुल्याउँदै लाने ।

(ङ) ढुङ्गानाहरूको विकास, समृद्धि र कीर्ति उच्च राख्दै उत्कृष्ट कार्य गर्ने बन्धुहरूलाई पुरस्कृत गर्दै लाने ।

(च) उत्प्रेरक संस्थाको भूमिका निर्वाह गर्दै जाने ।

(छ) संस्थाको उद्देश्य प्राप्त गर्दै जान सरकारी तथा गैरसरकारी, स्वदेशी तथा विदेशी दातृसंस्थाहरू समेतको सहयोग जुटाई विकासका कार्यहरू सम्पादन गर्दै लाने ।

## भाग -३

## सदस्यता

**७. सदस्यको योग्यता**

७.१ कौशिक गोत्र ढुङ्गाना थर भएका व्यक्तिहरू यस संस्थाका सदस्य हुन योग्य हुनेछन् ।

७.२ उपदफा (१) बमोजिम सदस्य बन्न योग्य व्यक्तिहरूले संस्थाको आजीवन वा साधारण सदस्यता लिन सक्नेछन् ।

**७क. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने तरिका**+

७क.१ दफा ७ बमोजिम संस्थाको सदस्य बन्न योग्य व्यक्तिले देहाय बमोजिमको प्रक्रिया पूरा गरी संस्थाको सदस्यता प्राप्त गर्न सक्नेछन् :-

+ पहिलो संशोधन, २०७१ द्वारा थप ।

(**क**) **साधारण सदस्यः** संस्थाको साधारण सदस्य हुन चाहने १८ वर्ष पूरा भएको कुनै पनि ढुङ्गानाले♦♦♦ सदस्यता शुल्क वापत केन्द्रीय कार्यसमितिले निर्धारण गरेको रकम संलग्न राखी केन्द्रीय कार्यसमिति समक्ष आवेदन दिएमा केन्द्रीय कार्य समितिको निर्णयले सदस्यता प्रदान गर्न सकिनेछ । त्यस्तो आवेदन जिल्ला कार्यसमिति मार्फत पनि दिन सकिनेछ । साधारण सदस्यले प्रत्येक पाँच वर्षमा केन्द्रीय कार्य समितिले निर्धारण गरेको नवीकरण शुल्क बुझाई सदस्यता नवीकरण गर्नुपर्नेछ ।

**स्पष्टीकरणः** "ढुङ्गाना" भन्नाले यस थरमा जन्म लिएका छोरा, छोरी (धर्मपुत्र, धर्मपुत्री समेत) तथा बुहारी र विवाहित छोरी समेतलाई सम्झनु पर्छ ।+++

(**ख**) **संस्थापक सदस्यः** संस्था स्थापनाको लागि यो विधान दर्ता गर्दाका बखत तदर्थ कार्य समितिमा पदाधिकारी रहेका सदस्यहरू संस्थाको संस्थापक सदस्य मानिनेछन् ।

(**ग**) **आजीवन सदस्यः** आजीवन सदस्य हुन चाहने...ले♦♦♦ सदस्यता शुल्क वापत केन्द्रीय कार्य समितिले निर्धारण गरेको रकम एकमुष्ट संलग्न राखी केन्द्रीय कार्य समिति समक्ष आवेदन दिएमा केन्द्रीय कार्यसमितिको निर्णयले आजीवन सदस्यता प्रदान गर्न सकिने छ ।

७क.२ साधारण सदस्यहरूले सदस्यता प्राप्त गरेको पाँच वर्ष पूरा भएको तथा सदस्यता नवीकरण गराएको पाँच वर्ष पूरा भएको मितिले तीन महिनाभित्र दफा ७क.१ को खण्ड (क) बमोजिम निर्धारित नवीकरण शुल्क बुझाई

---

♦♦♦ तेस्रो संशोधन, २०७६ द्वारा संशोधित ।

+++ तेस्रो संशोधन, २०७६ द्वारा थप ।

आफ्नो सदस्यता नवीकरण गर्नु पर्नेछ । सो अवधि समाप्त भएपछि तोकिए बमोजिमको थप दस्तुर बुझाएर मात्र सदस्यता नवीकरण गर्न सकिनेछ । साधारण सदस्यको सदस्यता नवीकरण नभएसम्मको लागि त्यस्तो सदस्यलाई साधारण सभामा भाग लिने तथा केन्द्रीय कार्य समितिमा उम्मेदवार हुन, मत हाल्न तथा निर्णय प्रक्रियामा सहभागी हुने अधिकार हुने छैन ।

७क.३ संस्थाका संस्थापक, साधारण र आजीवन सदस्यहरूको अभिलेख तोकिएको ढाँचामा छुट्टा छुट्टै राखिनेछ ।

## भाग–४

## केन्द्रीय कार्य समिति♦ र साधारण सभा

८. **केन्द्रीय कार्य समिति♦**

८.१. संस्थाको दैनिका कार्य सम्पादन गर्नका लागि देहाय बमोजिमका पदाधिकारीहरू सहित पच्चीस सदस्य रहेको सङ्घीय स्तरको एक केन्द्रीय कार्य समिति गठन गरिनेछ :♦♦♦

(क) साधारण सभाबाट निर्वाचित अध्यक्ष– एक♦♦♦

(ख) साधारण सभाबाट निर्वाचित वरिष्ठ उपाध्यक्ष– एक♦♦♦

(ग) प्रत्येक प्रदेशबाट एक जनाका दरले निर्वाचित उपाध्यक्ष ७ (सात) जना♦♦♦

(घ) साधारण सभाबाट निर्वाचित उपाध्यक्ष महिला १ (एक) जना♦♦♦

(ङ) साधारण सभाबाट निर्वाचित महासचिव– एक♦♦♦

---

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

♦♦♦ तेस्रो संशोधन, २०७६ द्वारा संशोधित एवं थप ।

(च) साधारण सभाबाट निर्वाचित सचिव– एक♦♦♦

(छ) साधारण सभाबाट निर्वाचित कोषाध्यक्ष– एक♦♦♦

(ज) साधारण सभाबाट निर्वाचित सह–कोषाध्यक्ष– एक♦♦♦

(झ) प्रत्येक प्रदेशबाट एक जनाका दरले निर्वाचित सदस्य ७ (सात) जना♦♦♦

(ञ) महिला, अपाङ्गता भएका व्यक्ति लगायतको समावेशी प्रतिनिधित्व हुने गरी केन्द्रीय कार्य समितिले मनोनयन गरेका सदस्यहरू ४ (चार) जना♦♦♦

**स्पष्टीकरण :** केन्द्रीय कार्य समितिमा एक पूर्ण कार्यकाल पूरा काम गरिसकेको व्यक्ति मात्र अध्यक्ष/वरिष्ठ उपाध्यक्षको उम्मेदवार हुन सक्नेछ ।♦♦♦

८.२. केन्द्रीय कार्य समितिको अवधि दुई वर्षको हुनेछ ।

८.३. वार्षिक साधारण सभा हुनुभन्दा अगावै केन्द्रीय कार्य समितिका कुनै पदाधिकारीको पद रिक्त हुन आएमा बाँकी अवधिको लागि केन्द्रीय कार्यसमितिले मनोनयन गरी रिक्त पद पूर्ति गर्न सक्नेछ । यसरी केन्द्रीय कार्य समितिले कुनै पदमा मनोनयन गरेकोमा त्यसपछि बसेको साधारण सभामा सो मनोनयन अनुमोदन गराउनु पर्नेछ ।

८.४ केन्द्रीय कार्य समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नु पर्नेछ । तर आवश्यकता अनुसार जुनसुकै समयमा बैठक बस्न सक्नेछ ।

८.५ केन्द्रीय कार्य समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ र बैठक बस्ने सूचना बैठक बस्ने मिति भन्दा कम्तिमा तीनदिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

♦♦♦ तेस्रो संशोधन, २०७६ द्वारा संशोधित एवं थप ।

८.६ केन्द्रीय कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा बैठकमा उपस्थित सदस्यहरूले छानेको पदाधिकारीले बैठकको अध्यक्षता गर्नेछ ।

८.७ अध्यक्ष लगायत केन्द्रीय कार्य समितिका ५१ प्रतिशत सदस्यको उपस्थिति भएमा बैठकको गणपूरक संख्या पुगेको मानिनेछ । केन्द्रीय कार्य समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८.८. केन्द्रीय कार्य समितिको बैठकबाट भएको निर्णय छुट्टै निर्णय किताबमा लेखी अध्यक्षद्वारा प्रमाणित गर्नु पर्नेछ ।

८.८.१ सङ्घीय स्तरमा अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, सात प्रदेशबाट ७ जना उपाध्यक्ष, उपाध्यक्ष महिला, महासचिव, सचिव, कोषाध्यक्ष, सहकोषाध्यक्ष, सात प्रदेशबाट निर्वाचित सदस्य ७ गरी २१ जना र मनोनित सदस्यहरू ४ जना सहित पच्चिस सदस्यीय केन्द्रीय कार्य समति रहनेछ ।+++

८.८.२ प्रदेश स्तरमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष सहित यथासम्भव सबै जिल्लाको प्रतिनिधित्व रहने गरी प्रदेश स्तरीय कार्य समिति रहनेछ ।+++

८.८.३ जिल्ला समन्वय स्तरमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष सहित यथासम्भव सबै स्थानीय तहको प्रतिनिधित्व रहने गरी जिल्ला स्तरीय कार्य समिति रहनेछ ।+++

८.८.४.स्थानीय तह स्तरमा अध्यक्ष, उपाध्यक्ष, सचिव,

+++ **तेस्रो संशोधन, २०७६ द्वारा थप ।**

कोषाध्यक्ष सहित अधिकतम् ११ सदस्यीय स्थानीय तह स्तरीय कार्य समिति रहनेछ ।+++

८.८.५ कम्तीमा ११ जना बन्धुहरू सदस्य भएमा स्थानीय तहमा कार्य समिति गठन गर्न सकिनेछ ।+++

## ९. केन्द्रीय कार्य समितिको♦ काम, कर्तव्य र अधिकार

(क) संस्थाको उद्देश्य परिपूर्तिका लागि आवश्यक पर्ने स्रोत साधन जुटाउने, सभा सम्मेलन आदि सबै कार्यहरू सम्पादन गर्नु गराउनु केन्द्रीय कार्य समितिको मुख्य काम, कर्तव्य र अधिकार हुनेछ ।

(ख) संस्थाको हित प्रतिकूल नहुने गरी विनियम तर्जुमा गर्ने, लागू गर्ने केन्द्रीय कार्य समितिको♦ काम, कर्तव्य र अधिकार हुनेछ ।

(ग) संस्थाको नीति र कार्यक्रम तर्जुमा गरी साधारण सभामा पेश गर्ने र पारित भएपछि कार्यान्वयन गर्ने अधिकार केन्द्रीय कार्य समितिमा♦ निहित रहनेछ ।

## १०. पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

### (क) अध्यक्षको काम, कर्तव्य र अधिकार

१. बैठक बोलाउने, संस्थाद्वारा आयोजना हुने बैठक, कार्यक्रम आदिको अध्यक्षता गर्ने ।

२. संस्था अन्तर्गतका कोषहरूको काम, कारवाही सुचारु र नियमित गर्ने ।

३. संस्थाको काम, कारवाही सुचारु रूपमा संचालन गर्न आवश्यकतानुसार अन्य पदाधिकारीमा अधिकार प्रत्यायोजन गर्ने ।

+++ तेस्रो संशोधन, २०७६ द्वारा थप ।

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

४. केन्द्रीय कार्य समितिबाट अनुमोदन गराउने गरी न्यूनतम मासिक खर्च गर्ने ।

५. संस्थाको उद्देश्य प्राप्तिका लागि संस्थाको विधान, विनियम र पारित निर्णयहरूको कार्यान्वयन गर्ने, गराउने ।

६. विधानको दफा ६ बमोजिम सरकारी तथा गैरसरकारी, स्वदेशी तथा विदेशी दातृ संस्थाहरूसँग गरिने सम्झौतामा संस्थाका तर्फबाट हस्ताक्षर गर्ने

**(ख) वरिष्ठ+++ उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१. अध्यक्षको अनुपस्थितिमा वा निजले तोकेको अवस्थामा अध्यक्षको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने र अध्यक्षको काम कारवाहीमा सहयोग गर्ने ।

२. सामाजिक संघ संस्थाहरूसँग समन्वय र सहयोगका निम्ति आवश्यक कारवाही गर्ने, गराउने ।

३. संस्था र अन्तर्गतका कोष तथा समितिहरूको काम कारवाहीको निरीक्षण गरी आवश्यक निर्देशन दिने ।

**(ग) महासचिवको काम, कर्तव्य र अधिकार**

१. अध्यक्षको लिखित स्वीकृति लिई केन्द्रीय कार्य समिति वा अन्य समितिहरूको बैठक बोलाउने र अन्य आवश्यकीय कार्यहरू सम्पादन गर्ने ।

२. संस्थाको पारित निर्णय प्रमाणित गर्ने ।

३. संस्था तथा अन्य समितिहरूको प्रशासनिक कार्य सुचारु रूपले संचालन गर्ने गराउने ।

+++**तेस्रो संशोधन, २०७६ द्वारा थप ।**

४. संस्थाको वार्षिक कार्यक्रम र प्रतिवेदन तयार पारी केन्द्रीय कार्य समिति♦ र साधारण सभामा प्रस्तुत गर्ने ।

५. पुरस्कार छनौट समितिको सचिव भई काम गर्ने ।

(घ) **<u>सचिवको काम, कर्तव्य र अधिकार</u>**

१. महासचिवको अनुपस्थितिमा गर्नुपर्ने कामहरू गर्ने, गराउने ।

२. संस्थाको काममा आवश्यक सहयोग पुऱ्याउने ।

(ङ) **<u>कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**

१. संस्था र अन्तर्गत कार्यालय तथा कोषहरूको विवरण अद्यावधिक गर्ने, गराउने ।

२. कोष अभिवृद्धि गर्न आवश्यक काम कारवाही गर्ने, गराउने ।

३. संस्था र यस अन्तर्गतका कार्यालय वा समितिहरूको समयमै लेखापरीक्षण गराउने र त्यसको प्रतिवेदनको कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने ।

४. संस्था र अन्तर्गतका कार्यालय वा समितिहरूको नगदी वा जिन्सी सम्पत्तिको हिनामिना वा हानि नोक्सानी हुन नदिने गरी आवश्यक व्यवस्था गर्ने ।

५. संस्थाको दैनिक आर्थिक कारोवार सुचारु रूपले सञ्चालन गर्ने, गराउने ।

६. वार्षिक आय व्यय अनुमान र गत वर्षको आय व्यय विवरण तयार पारी साधारण सभामा प्रस्तुत गर्ने ।

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

(ङ १) **<u>सह–कोषाध्यक्षको काम, कर्तव्य र अधिकार</u>**++

१. कोषाध्यक्षको अनुपस्थितिमा यस विधान बमोजिम कोषाध्यक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरु गर्ने ।

२. कोषाध्यक्षको काममा आवश्यक सहयोग पुऱ्याउने ।

**(च) <u>सदस्यहरुको काम कर्तव्य र अधिकार</u>**

केन्द्रीय कार्य समितिको निर्णय अनुसार ....✂ संस्थाका कामहरू व्यवस्थित रूपमा सम्पादन गर्ने ।

(छ) प्रदेश, जिल्ला समन्वय स्तर र स्थानीय तह स्तरको कार्य समितिलाई केन्द्रीय कार्य समितिबाट समय समयमा आवश्यकता अनुसार काम, कर्तव्य र अधिकार तोक्ने तथा प्रत्यायोजन गरिने छ । यसरी केन्द्रीय समितिबाट तोकिएको वा प्रत्यायोजन भएको अधिकार अनुसारको कार्य सम्पादन गर्नु प्रदेश, जिल्ला समन्वय स्तर र स्थानीय तह स्तरको कार्य समितिको कर्तव्य हुनेछ ।+++

**१०क**.......... ✂✂

**१०ख. <u>आबद्धता</u>:**+

१०ख.१ कौशिक गोत्र ढुङ्गाना थर भएका व्यक्तिहरूले देशका अन्य स्थानमा कानून बमोजिम स्थापना गरेका संस्थाले आफ्नो छुट्टै कानूनी हैसियत कायमै राखी यस विधान बमोजिम स्थापित प्रतिष्ठानसँग आबद्ध हुन सक्नेछन् ।

१०ख.२ उपदफा (१) बमोजिम आबद्ध संस्थाले आफ्नो उद्देश्य

✂ **पहिलो संशोधन, २०७१ द्वारा झिकिएको ।**

+++**तेस्रो संशोधन, २०७६ द्वारा थप ।**

✂✂ **तेस्रो संशोधन, २०७६ द्वारा झिकिएको ।**

हासिल गर्नको लागि प्रतिष्ठानसँग समन्वयात्मक रूपमा सहकार्य गर्न सक्नेछन् ।

११. **साधारण सभा :** संस्थाको सदस्य हुन योग्यता पुगेका व्यक्तिहरू भएको साधारण सभा सामान्यतः वर्षको एक पटक बस्नेछ ।

**११क.** प्रदेश, जिल्ला समन्वय र स्थानीय तह स्तरमा सामान्यतया वर्षको एक पटक साधारण सभा बस्नेछ । सो साधारण सभाले आ–आफ्नो तहको कार्यक्रम, आय–व्यय विवरण पारित गरी यथा समयमा केन्द्रीय कार्य समितिमा प्रतिवेदन पठाउनु पर्नेछ ।+++

१२. **साधारण सभाको काम, कर्तव्य र अधिकार**

(क) वार्षिक प्रतिवेदन पारित गर्ने ।

(ख) केन्द्रिय कार्य समितिको♦ निर्वाचन गर्ने गराउने ।

(ग) अगामी आर्थिक वर्षको कार्यक्रम तयार पार्ने ।+++

(घ) आय व्ययको हिसाब समर्थन गर्ने ।

(ङ) लेखापरीक्षकको नियुक्त गर्ने ।

## भाग–५

## कोष सम्बन्धी व्यवस्था

१३.१ **कोष**

देहायका आर्थिक स्रोतबाट प्राप्त रकम यस कोषमा राखिनेछ :

(क) सदस्यता शुल्क तथा दाताहरूबाट प्राप्त सहयोग रकम तथा अनुदान,♦

+++**तेस्रो संशोधन, २०७६ द्वारा थप ।**

♦ **पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।**

(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैरसरकारी संघ संस्थाहरूबाट♦ नेपाल सरकारको पूर्व स्वीकृति लिई प्राप्त हुने सहयोग तथा अनुदान रकम

(ग) संस्थाको आफ्नै स्रोतबाट आर्जित रकम,

१३.२ **खाता सञ्चालन**

अध्यक्ष, महासचिव र कोषाध्यक्ष मध्ये २ जनाको दस्तखतबाट कोषको खाता सञ्चालन हुनेछ । यसमा कोषाध्यक्षको दस्तखत अनिवार्य हुनेछ ।

१४. **ढुङ्गाना......**✂ **अक्षय कोष :** दफा १३ का स्रोतहरूबाट यस कोषमा राख्न भनी दाताहरूबाट प्राप्त रकम यस कोषमा राखिनेछ। यसरी प्राप्त रकमको ब्याजबाट वंशमा विशिष्ट योगदान पुऱ्याएका, ख्याति कमाएका वन्धुलाई सम्मान, कदर र पुरस्कृत गर्नुका साथै दाताको इच्छा अनुसार कीर्ति रहने काममा खर्च गरिनेछ ।

१५. **सम्पत्ति विवरण :** (१) यस संस्थाले विभिन्न संस्था वा व्यक्तिबाट प्राप्त गरेको अनुदान, उपहार, सहयोग र आफ्नै कोषबाट खरिद गरेको सम्पत्ति संस्थाको सम्पत्ति मानिनेछ । प्रचलित कानून अनुसार संस्थाको सम्पत्ति विवरण सार्वजनिक गर्न सकिनेछ ।

(२) चल, अचल सम्पत्ति आर्जन गर्ने, भोग चलन गर्ने अधिकार प्रदेश, जिल्ला र स्थानीय तह समेतलाई रहनेछ। यसरी प्राप्त

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

✂ पहिलो संशोधन, २०७१ द्वारा झिकिएको ।

सम्पत्ति केन्द्रीय अभिलेखमा अनिवार्य रूपमा राख्नु पर्नेछ । सम्पत्ति विक्री, दानदातव्य कुनै तवरबाट हक हस्तान्तरण गर्नु परेमा केन्द्रको लिखित स्वीकृति लिनु पर्नेछ ।+++

(३) साधारण सदस्यता वापतको आम्दानी पुरै सम्बन्धित तहमा रहने छ तर सोको अभिलेख भने केन्द्रमा समेत पठाउनु पर्नेछ ।+++

(४) आजीवन सदस्यता वापत प्राप्त रकम मध्ये केन्द्रीय कार्य समितिले समय समयमा तोके बमोजिमको रकम सहित सोको अभिलेख केन्द्रमा पठाउनु पर्नेछ ।+++

**१६ लेखापरीक्षण**

(क) नेपाल सरकारद्वारा♦ स्वीकृति प्राप्त लेखापरीक्षक साधारण सभाबाट नियुक्त गरी संस्थाको वार्षिक कारोबारको लेखापरीक्षण हुनेछ ।

(ख) संस्थाको लेखापरीक्षण प्रतिवेदन तयार गरी संस्थाका बैठक र स्थानीय अधिकारी समक्ष पेश गरिनेछ ।

## भाग -६

## पुरस्कार सम्बन्धी व्यवस्था

**१७.१ ढुङ्गाना.....✂ पुरस्कार :** यस संस्थाको सदस्य हुन योग्यता पुगेका ढुङ्गानाहरूले वंशको इतिहास खोजी, अनुसन्धान आदि काम गरेको वा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विशिष्ट योगदान पुऱ्याई वंशको शिर उच्च राख्ने बन्धुहरूलाई सदा प्रोत्साहित पारी राख्न यस "ढुङ्गाना....✂ पुरस्कार" बाट सम्मानित गर्दै लगिनेछ ।

+++तेस्रो संशोधन, २०७६ द्वारा थप ।

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

✂ पहिलो संशोधन, २०७१ द्वारा झिकिएको ।

१७.२ **सम्मान :** कर्तव्यपालनको सिलसिलामा मातृभूमि तथा वंशको हित खातिर विशिष्ट काम गरेका ढुङ्गाना वन्धुहरूलाई योगदानका आधारमा अभिनन्दन वा कदरपत्रद्वारा सम्मान गर्दै लगिनेछ ।

१८. **पुरस्कार सम्मान छनौट समिति :** केन्द्रीय कार्य समितिको निर्णयले एक पुरस्कार छनौट समिति गठन गरिनेछ । बढीमा ७ सदस्यहरूसम्म रहने यस समितिका पदाधिकारीहरूको पदावधि सामान्यतः २ वर्षको हुनेछ । निजहरू पुनः नियुक्त हुन सक्ने छन् । केन्द्रीय कार्य समितिको निर्णयले निजहरूलाई हटाउन सकिनेछ ।

## भाग–७

## विविध

१९. **समितिहरु रहनेः** संस्थाको उद्देश्य प्राप्तिका लागि देहायका समितिहरू रहनेछन् :-

(**क**) **निर्वाचन समितिः** केन्द्रीय कार्य समितिको निर्णयले नयाँ केन्द्रीय कार्य समितिको निर्वाचनका लागि एक निर्वाचन समिति गठन गर्नेछ ।

(१) निर्वाचन समितिमा रहेका व्यक्तिले निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।......✂

(२) निर्वाचन सम्बन्धी कार्य व्यवस्थित गर्ने अधिकार सोही समितिमा र अन्य आवश्यकतानुसार गठन गरिने वंशावली सम्पादन लगायतका समितिको काम, कर्तव्य र अधिकार केन्द्रीय कार्य समितिले तोकेबमोजिम हुनेछ ।

---

✂ पहिलो संशोधन, २०७१ द्वारा भिकिएको ।

(ख) **आर्थिक व्यवस्थापन समिति**+++ : केन्द्रीय कार्य समितिको निर्णयले संयोजक सहित बढीमा १५ सदस्यीय आर्थिक व्यवस्थापन समिति गठन गर्न सकिनेछ । केन्द्रीय कार्य समितिले सदस्य हेरफेर गर्न सक्नेछ । संस्थाका लागि आवश्यक स्रोत जुटाउनु यस समितिको जिम्मेवारी हुनेछ ।

(ग) **वंशावली सङ्कलन तथा सम्पादन समिति**+++: केन्द्रीय कार्य समितिको निर्णयले संयोजक सहित बढीमा १५ सदस्यीय वंशावली सङ्कलन तथा सम्पादन समिति गठन गर्न सकिनेछ। केन्द्रीय कार्य समितिले सदस्य हेरफेर गर्न सक्नेछ । वंशावली सङ्कलन र सम्पादन गर्नु यस समितिको काम कर्तव्य हुनेछ। सम्पादित वंशावली प्रकाशनका लागि केन्द्रीय कार्य समितिमा पेश गर्नु पर्नेछ ।

(घ) **महिला समिति**+++ : केन्द्रीय कार्य समितिको निर्णयले संयोजक सहित बढीमा ११ सदस्यीय महिला समिति गठन गर्न सकिनेछ। केन्द्रीय कार्य समितिले सदस्य हेरफेर गर्न सक्नेछ। महिला सशक्तिकरणमा योगदान पुर्‍याउनु यस समितिको जिम्मेवारी हुनेछ ।

(ङ) **वैदेशिक सम्बन्ध समन्वय समिति**+++ : केन्द्रीय कार्य समितिको निर्णयले संयोजक सहित बढीमा ७ सदस्यीय वैदेशिक सम्बन्ध समन्वय समिति गठन गर्न सकिनेछ। केन्द्रीय कार्य समितिले सदस्य हेरफेर गर्न सक्नेछ। विश्वभरी रहेका ढुङ्गानाहरूबीच संस्थाको सम्बन्ध स्थापित गर्ने सम्बन्धमा आवश्यक समन्वय गर्नु यस समितिको जिम्मेवारी हुनेछ ।

**२०. अविश्वासको प्रस्ताव**

(क) केन्द्रीय कार्य समितिका कुनै सदस्य उपर  साधारण सभामा

+++**तेस्रो संशोधन, २०७६ द्वारा थप ।**

प्रस्तुत अविश्वासको प्रस्तावमा केन्द्रीय कार्य समितिको निर्वाचनमा मतदाता हुन योग्य रहेका सदस्यता प्राप्त गरेका बहुमत सदस्यको बहुमतबाट प्रस्ताव पारित भएमा त्यस्ता सदस्यलाई पदबाट हटाइनेछ । तर निजलाई मनासिव माफिकको सफाई दिनबाट बन्देज गरिने छैन ।

(ख) खण्ड (क)♦ बमोजिम अविश्वासको प्रस्ताव पारित भई बहुमत भन्दा कम सदस्यले पद छाड्नु परे बहुमत सदस्यले थप सदस्य मनोनयन गर्नेछन् । तर बहुमत सदस्यहरू अविश्वासको प्रस्तावबाट हटाइएमा पुनः निर्वाचन हुनेछ ।

२१. **विधान संशोधन :** केन्द्रिय कार्य समितिको निर्वाचनमा मतदाता हुन योग्य रहेको उपस्थित सदस्यहरूको दुई तिहाई बहुमतले पारित भएमा संस्थाको प्रस्तावना, भावना र मर्म प्रतिकूल नहुने गरी विधान संशोधन हुनेछ । संशोधित विधान स्थानीय अधिकारीको स्वीकृति प्राप्त हुनासाथ लागू हुनेछ तर यो दफा संशोधन हुने छैन ।

२२. **संक्रमणकालीन अवस्था :** यो विधान लागू हुनुपूर्व गठन भएको केन्द्रीय कार्य समिति यसै विधानअनुसार गठन भएको मानिनेछ र उक्त समितिले गरेका कार्य यस विधान बमोजिम गरेको मानिनेछ ।

२३. **राजीनामा**

(क) केन्द्रीय कार्य समितिका♦ उपाध्यक्ष लगायतका अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष र अध्यक्षले केन्द्रीय कार्य समिति समक्ष राजीनामा पेश गर्नेछ ।

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

(ख) केन्द्रीय कार्य समितिको+ निर्णयले पदाधिकारीहरूको राजीनामा स्वीकृत हुनेछ ।

२४. **संरक्षक परिषद् :** यस संस्थाको प्रस्तावना, भावना, मर्म र उद्देश्यमा सघाउ पु¥याउन एक संरक्षक♦♦♦ परिषद् रहनेछ । संरक्षकहरूको चयन केन्द्रीय कार्य समितिले गर्नेछ । संरक्षकहरूमध्ये एक जनालाई प्रमुख संरक्षक मनोनित गर्न सकिने छ ।

२४क. **सल्लाहकार समिति**♦♦♦ : यस संस्थाको उद्देश्य प्राप्तिमा गर्नुपर्ने क्रियाकलापको सम्बन्धमा केन्द्रीय कार्य समितिलाई सल्लाह र सुझाव दिनका लागि बढीमा १५ जना सदस्य रहेको एक सल्लाहकार समिति रहनेछ । सल्लाहकार समितिमा रहने सदस्यहरूको चयन केन्द्रीय कार्य समितिले गर्नेछ । सल्लाहकार हरूमध्ये एक जना सल्लाहकारलाई केन्द्रीय कार्यसमितिले प्रमुख सल्लाहकारको रूपमा तोक्न सक्नेछ ।

२५. **संस्थाको विघटनः** संस्थाको विधानबमोजिम कार्य गर्न नसकी वा अन्य कुनै कारणले संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा प्रचलित कानून बमोजिम नेपाल सरकारको♦ हुनेछ ।

२६. **शपथ ग्रहण :** केन्द्रीय कार्य समितिका अध्यक्षले निर्वाचन समितिका संयोजक समक्ष र अन्य पदाधिकारीहरूले निर्वाचित अध्यक्ष समक्ष अनुसूची (ख) मा उल्लिखित व्यहोराको शपथ ग्रहण गर्नुपर्नेछ ।

---

+ पहिलो संशोधन, २०७१ द्वारा थप ।

♦♦♦ तेस्रो संशोधन, २०७६ द्वारा संशोधित ।

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

२७. **<u>निष्क्रियता :</u>** यस विधानमा उल्लेख भएका कुराहरू प्रचलित कानूनसँग बाभिmएमा बाभिmएका हदसम्म स्वतः निष्क्रिय हुनेछन् ।

२८. **<u>बाधा अड्काउ फुकाउने</u>**♦♦♦: (१) यस विधानमा उल्लिखित उद्देश्य प्राप्तिका लागि कार्यान्वयनमा कुनै बाधा अडकाउ परेमा विधानको प्रस्तावनाको भावना र उद्देश्य प्रतिकुल नहुने गरी केन्द्रीय कार्य समितिले नियमावली बनाई वा निर्णयद्वारा बाधा अड्काउ फुकाउन सक्नेछ ।

(२) साविक विधानको व्यवस्था बमोजिम गठन भएको केन्द्रीय कार्य समितिलाई अर्को निर्वाचन नभएसम्मका लागि कामकाज गर्ने अधिकार हुनेछ ।

♦♦♦ तेस्रो संशोधन, २०७६ द्वारा संशोधित ।

## अनुसूची – (क)

## संस्थाको सङ्केत र छाप♦♦♦

(दफा ३ सँग सम्बन्धित)

विश्व मानचित्रमा रहेको नेपालको नक्साको भित्री भागमा “ढुङ्गाना प्रतिष्ठान♦, नेपाल,........✂✂ ” र दक्षिणी लम्बाइ भागमा "Dhungana Foundation,♦ Nepal, ... ✂✂" सङ्केत लेखिएको यस संस्थाको सङ्केत छाप हुनेछ ।

♦♦♦ तेस्रो संशोधन, २०७६ द्वारा संशोधित ।

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

✂✂ तेस्रो संशोधन, २०७६ द्वारा भिकिएको ।

## अनुसूची – (ख)

## शपथ ग्रहणको व्यहोरा

(दफा २६ सँग सम्बन्धित)

म/हामी "ढुङ्गाना प्रतिष्ठान,♦ नेपाल, …✂✂" को कार्य समितिको ………… पदमा रही यो शपथ लिन्छु/लिन्छौँ कि आफ्नो कार्यभारलाई इमानदारी, निष्पक्ष र तटस्थतापूर्वक कसैको नाजायज प्रभावमा नपरी आफूले जानेबुझेसम्म संस्थाको भावना, मर्म र उद्देश्य विपरीत नहुने तथा संस्थाको गोपनीयता कायम राखी आफ्नो बुद्धि, विवेक र क्षमताले भ्याएसम्म लगनशील भई आफ्नो जिम्मेवारी पूरा गर्नेछु/गर्नेछौँ ।

नाम :

पद :

दस्तखत :

मिति :

♦ पहिलो संशोधन, २०७१ द्वारा संशोधित ।

✂✂ तेस्रो संशोधन, २०७६ द्वारा झिकिएको ।